नेपाल सरकार

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

## स्थायी अध्यापन अनुमतिपत्रका लागि लिइने परीक्षाको विज्ञापन- २०७१

विद्यालय तहमा अध्यापन गर्न इच्छुक व्यक्तिहरुलाई लिखित परीक्षाद्वारा स्थायी अध्यापन अनुमतिपत्र दिने प्रयोजनका लागि देहायको योग्यता पुगेका उम्मेदबारहरुवाट रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | वि.नं. | तह |
|---|---|---|
| १ | वि.नं. २६।०७१/७२ | माध्यमिक |
| २ | वि.नं. २७।०७१/७२ | निम्नमाध्यमिक |

परीक्षाको किसिम : लिखित

परीक्षा दस्तुर : माध्यमिक तहका लागि रु. ७००।- र निम्नमाध्यमिक तहका लागि रु. ४००।-

दरखास्त दिने स्थान : जिल्ला शिक्षा कार्यालयहरु वा जिल्ला शिक्षा कार्यालयले तोकेको स्थान ।

दरखास्त दिने मिति : २०७१ साल मंसिर ५ गतेदेखि २०७१ पौष ६ गतेसम्म (दोव्वर दस्तुर तिरी २०७१ साल पौष ७ गतेदेखि पौष १३ गतेसम्म) ।

परीक्षा मिति : **निम्नमाध्यमिक तह - मिति २०७१ फागुन १६ गते दिनको १:०० बजे**
**माध्यमिक तह - मिति २०७१ फागुन १७ गते दिनको १:०० बजे**

**परीक्षा केन्द्र : सम्वन्धित जिल्ला परीक्षा समन्वय समितिले तोकेका परीक्षा केन्द्रहरु**

**आवश्यक न्यूनतम योग्यता :**

(क) निम्नमाध्यमिक तहका लागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा सम्बन्धित तहको कम्तीमा दश महिने तालिम लिएको,
उच्चमाध्यमिक शिक्षा परिषद् (10+2) तर्फ शिक्षाशास्त्रको कक्षा ११ र १२ मा शिक्षासँग सम्वन्धित न्यूनतम २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेका सबै व्यक्तिहरु उम्मेदवार हुन पाउने छन् ।

(ख) माध्यमिक तहका लागि स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम लिएको ।

कुनै व्यक्तिले शिक्षाशास्त्र तर्फ माथि उल्लिखित योग्यता प्राप्त गरेको भए यस प्रयोजनका लागि तालिम प्राप्त मानिने छ ।

**द्रष्टव्य** :

१ आयोगवाट स्वीकृत अध्यापन अनुमतिपत्रको दरखास्त फाराम सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

२ उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :

क निम्नमाध्यमिक तहका लागि
- प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- दश महिने तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि

ख माध्यमिक तहका लागि
- प्रमाणपत्र तथा स्नातक तहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- दश महिने तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि

उपर्युक्त कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गुर्नपर्ने छ । जि.शि.का.ले सक्कल प्रमाणपत्र र दरखास्त साथ पेश भएका कागजात दुरुस्त भए नभएको रुजु गरी दरखास्त लिनुपर्ने छ । विदेशी संस्थाबाट प्राप्त प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

३ दोव्वर दस्तुरको म्यादलाई शैक्षिक योग्यता र तालिमको प्रयोजनको लागि गणना गरिने छैन ।

४ दरखास्तको अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ र उमेरको माथिल्लो हद लाग्नेछैन ।

५ शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६(घ) (संशोधनसहित) वमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

६ परीक्षा दस्तुर जि.शि.का. वा जि.शि.का.ले तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

७ अध्यापन अनुमतिपत्रको पाठ्यक्रम, विशिष्टीकरण तालिका र नमूना प्रश्नपत्रहरु आयोगको website www.tsc.gov.np बाट Download गरेर पनि लिन सकिनेछ ।

८ उम्मेदवारले दरखास्त फाराम भरेको जिल्लाबाट मात्र परीक्षा दिन पाउनेछन् ।

९ कुनै पनि शर्त राखी दरखास्त फाराम पेश गर्न पाइने छैन । त्यस्ता दरखास्त स्वीकृत गरिने छैन ।

१० सबै क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरुले समेत यसै सूचनालाई आधार मानी दरखास्त लिने आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।